# “म मेरो युनियनमा सामेल भएदेखि, काममा अझ सुरक्षित र बढी सम्मानित भएको महसुस गरेको छु।”

## युनियनमा सामेल हुँदा मेरो कामको अवस्थामा कसरी सुधार आउन सक्छ?

**युनियनहरू तपाईजस्तै कामदारहरू हुन्, जो काममा तलब र कार्य अवस्था सुधार गर्न एकसाथ सामेल हुन्छन्।**

अष्ट्रेलियामा काम गर्दा तपाई सुरक्षित हुनुहुन्छ भनी सुनिश्चित गर्नको लागि युनियनमा सामेल हुनु सामान्य र सजिलो तरिका हो।

करिब २० लाख मजदुरहरू युनियनका सदस्य छन्। जो कोही कामदार युनियनमा सामेल हुन सक्छन्। यदि तपाई अष्ट्रेलियाको नागरिक हुनुहुन्छ, स्थायी बासिन्दा हुनुहुन्छ वा अस्थायी कार्य भिसाबाहक हुनुहुन्छ भने पनि यसले फरक पार्दैन। यदि तपाई आंशिक-कालीन (पार्टटाइम), पूर्णकालीन, क्याजुअल वा नगदमा पनि काम गर्नुहुन्छ भने पनि, तपाई युनियनमा सामेल हुन सक्नुहुन्छ।

**अष्ट्रेलियामा तपाईले गर्ने कामको प्रकारसँग सम्बन्धित धेरै युनियनहरू स्थापित छन् — प्रत्येक कामदारको लागि एक युनियन छ।**

## के तपाईले कहिल्यै काममा केही अनुचित वा असुरक्षित महसुस गर्नुभएको छ, तर यसको बारेमा आफ्नो मालिकसँग कुरा गर्न डराउनु भएको छ?

अष्ट्रेलियामा कामदारहरूलाई सुरक्षा दिने धेरै कानूनहरू छन्, तर एक व्यक्तिको रूपमा — तपाईको मालिकले यी कानूनहरू पालना गर्छ वा तपाईलाई निष्पक्ष रूपमा व्यवहार गर्छ भनी सुनिश्चित गर्न गाह्रो हुन सक्छ।

जब तपाई युनियनमा सामेल हुनुहुन्छ, तपाई आफ्नो कार्यस्थललाई अझ राम्रो बनाउन अन्य कामदारहरूसँग मिलेर सामेल हुनुहुन्छ। युनियनमा सामेल हुँदा तपाईले निम्न कामहरू गर्न सक्नुहुन्छ:

- यदि तपाईको मालिकले तपाईलाई कम तलब भुक्तानी गर्दैछ भने तपाईले सही तलब पाउन
- यदि तपाई काम गर्दा घाइते हुनुभयो वा उत्पीडन र सताइएको अनुभव गर्दै हुनुहुन्छ भने सहायतामा पहुँच गर्न
- अनुचित रूपमा बर्खास्तको विरुद्ध आफूलाई सुरक्षा गर्न
- कार्यस्थलका समस्याहरू समाधान गर्न र कानुनी प्रतिनिधित्वमा पहुँच गर्न आफ्ना सहकर्मीहरूसँग एकताबद्ध हुन
- प्रतिनिधि छनोटसहित कार्यस्थलको सुरक्षामा सुधार गर्न
- सम्मान र मर्यादाका साथ काम गर्न
- आफ्ना तलब र अवस्थाहरूमा सुधार गर्न अन्य कामदारहरूसँग सामूहिक रूपमा वार्ता गर्न
- अष्ट्रेलियामा, युनियन सदस्यहरूले युनियनमा नलाग्नेहरूभन्दा औसतमा प्रति हप्ता $250 बढी कमाउँछन्

*केही परिस्थितिहरू बाहेक, युनियनहरूले प्रायः पहिले नै सदस्य भइसकेका कामदारहरूलाई मात्र समर्थन प्रदान गर्छन्, त्यसैले तपाईलाई समस्या हुनुअघि जतिसक्दो चाँडो युनियनमा सामेल हुनु महत्त्वपूर्ण हुन्छ।*

## अष्ट्रेलियामा युनियन सदस्यहरूले निम्न कुराहरू पाएका छन्:

- न्यूनतम तलबको ग्यारेन्टी
- ८ घण्टाको कामकाजी दिन
- यदि तपाई बिरामी हुनुहुन्छ वा छुट्टी लिन चाहनुहुन्छ भने तलबी बिदा
- सप्ताहअन्त र बिदाहरूमा काम गर्दा बढी तलब
- कार्यस्थल सुरक्षा कानून
- तलबी अभिभावकीय बिदा
- महिलालाई समान पारिश्रमिक
- र अरू धेरै कुराहरू

आफ्नो कार्यस्थलमा र सबै कामदारहरूका लागि तलब र अवस्थाहरूमा सुधार जारी राख्न युनियन आन्दोलनमा सामेल हुनुहोस्:

**www.australianunions.org.au/join**



## तपाईंको लागि कुन युनियन उपयुक्त छ पत्ता लगाउन, वा युनियनमा सामेल हुनेबारेमा थप जानकारी पाउन सम्पर्क गर्नुहोस्:

जब तपाई युनियनमा सामेल हुनुहुन्छ, तपाईले साप्ताहिक वा मासिक सदस्यता शुल्क तिर्नु हुन्छ। यो शुल्क कर कटौतीयोग्य छ।

एकचोटि तपाईले युनियनको सदस्य बन्नु भएपछि, तपाईले कार्यस्थलका समस्याहरू बारेमा सल्लाह र मद्दतको लागि आफ्नो युनियनलाई सम्पर्क गर्न सक्नुहुन्छ। यसको मतलब यदि तपाईको मालिकले तपाईलाई अनुचित रूपमा बर्खास्त गर्छ वा यदि तपाई काममा घाइते हुनुहुन्छ भने, तपाईले आफ्नो युनियनबाट मद्दत प्राप्त गर्न सक्नुहुन्छ।

यदि तपाईको कार्यस्थलमा अन्य युनियन सदस्यहरू छन् भने, त्यहाँ युनियनको भेला हुन सक्छ जहाँ तपाई उपस्थित भएर आफ्ना सरोकारहरू उठाउन सक्नुहुन्छ र राम्रो कामको अवस्थाको लागि सँगै संगठित हुन सक्नुहुन्छ।

## के मेरो कार्यस्थलले म युनियनमा सामेल भएँ भने थाहा पाउँछ?

तपाईको रोजगारदाता र तपाईको कार्यस्थलमा अरूले तपाई युनियनमा सामेल हुनुभएको थाहा पाउने छैनन्, र यदि तपाई चाहनुहुन्न भने तपाईले उनीहरूलाई बताउन आवश्यक छैन। अष्ट्रेलियाको कार्यस्थल कानूनले युनियन सदस्य हुने तपाईको अधिकारलाई सुरक्षित गर्छ। तपाईको मालिकले तपाईलाई युनियनको सदस्य भएकोमा सजाय दिन सक्दैन।

तपाईको हाकिमले तपाईलाई युनियनको आवश्यकता छैन वा तपाईको कार्यस्थलमा पहिले नै राम्रो अवस्था छ भनी बताउन सक्छ। तर तपाईको हाकिमसँग कार्यस्थलमा निर्णय गर्न सधैं बढी शक्ति हुन्छ। जब कामदारहरू एक युनियनमा एकसाथ आउँछन्, तपाईसँग वार्तालाप गर्न र राम्रो कार्यव्यवस्थाहरू प्राप्त गर्ने सामूहिक शक्ति हुन्छ।

## यदि कार्यस्थलमा पहिले नै युनियन छ भने के हुन्छ?

त्यो एकदम राम्रो कुरा हो। अन्य कामदारहरूसँग जोडिएर, तपाईसँग आफ्नो कार्य अवस्थाहरूमा सुधार जारी राख्न थप शक्ति हुनेछ। तपाई आफ्ना सहकर्मीहरू सुरक्षित छन् र काममा पनि उचित रूपमा व्यवहार प्राप्त गरेका छन् भनी सुनिश्चित गर्न सहयोग गरिरहनुभएको छ।



तपाईको लागि कुन युनियन उपयुक्त छ पत्ता लगाउन, वा युनियनमा सामेल हुनेबारेमा थप जानकारी पाउन सम्पर्क गर्नुहोस्:

**Unions Tasmania**
admin@unionstas.com.au
03 6216 7600
212 Liverpool Street,
Hobart 7000

/unionstasmania
@tasunions

UNIONS tasmania